नेपाल सरकार

# अर्थ मन्त्रालय

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
च. नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

### नेपाल एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) को उप-सभापतिमा निर्वाचित

सेप्टेम्बर २८-२९, २०२६ मा कतारको राजधानी दोहामा आयोजित एसियाली पूर्वाधार लगानी बैंकको को ११औं वार्षिक बैठकले अर्थमन्त्री एवं एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) को गभर्नर परिषद् (Board of Governors) का गभर्नर डा. स्वर्णिम वाग्लेलाई सन् २०२६—२७ का लागि उप-सभापति (Vice-Chair) मा निर्वाचित गरेको छ। सो बैठकले क्षेत्रीय सदस्य राष्ट्रहरूमध्येबाट नेपाललाई उप-सभापतिमा निर्वाचित गरेको हो। बैंकको संस्थापक सदस्य राष्ट्रसमेत रहेको नेपालका लागि यस पद बैंकप्रतिको नेपालको प्रतिबद्धता र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमा नेपालको सक्रीय सहभागिताको सम्मानका रूपमा रहेको छ।

बैठकको Governors' Business Roundtable को क्रममा डा. वाग्लेले पूर्वाधारमार्फत पुँजी निर्माण कम विकसित मुलुकको आर्थिक वृद्धिको लागि एक प्रमुख स्रोतको रुपमा रहेको उल्लेख गर्दै सडक, विद्युत्, सञ्चार तथा सूचना प्रविधि लगायतका उत्पादनका प्रमुख साधनमा लगानी गर्नुपर्ने बताउनुभयो। उहाँले नेपालजस्ता मुलुकको आवश्यकतासँग मेल खाने गरी बैंकको लगानीलाई अधिकतम सहुलियतपूर्ण बनाउने उपाय वा स्वदेशी तथा विदेशी निजी पुँजीलाई आकर्षित गर्ने तरिकाले वित्तको उपलब्धता गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

नेपाल पहिलोपटक एसियाली पूर्वाधार लगानी बैंकको उप-सभापतिमा निर्वाचित भएसँगै मुलुकका महत्वपूर्ण पूर्वाधार विकासका लागि बैंकको लगानी विस्तार, प्रविधि हस्तान्तरण र सहकार्यका लागि थप मार्ग प्रशस्त हुने आशा गरिएको छ।

मितिः २०८३ असोज १३ गते (२९ सेप्टेम्बर २०२६)

किशोर ढकाल
(उप-सचिव/सहायक प्रवक्ता)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np